धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. व. २०७८/७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

UPPER TAMAKOSHI HYDROPOWER LTD

UTKHPL

Gyaneshwor, Kathmandu

UNAUDITED 3th QUARTER STATEMENT OF FINANCIAL POSITION AS AT

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

Amount in NPR

Particulars	30 Chaitra 2078 (Unaudited)	30 Poush 2078 (Unaudited)	31 Chaitra 2077 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, plant and equipment	85,946,566,503.26	85,740,211,182.15	6,030,272.80
Capital WIP- UTKHEP	-	-	83,453,285,979.08
Capital WIP- Rolwaling	330,684,648.01	304,178,895.32	-
Deferred tax Assets	-	-	-
Total Non-Current Assets	**86,277,251,151.27**	**86,044,390,077.47**	**83,459,316,251.88**
Current Assets:			
Inventories	6,258,982.01	7,720,248.32	10,630,515.76
Cash and cash equivalents	368,265,099.63	123,548,783.34	47,210,728.27
Other current assets	3,272,290,782.64	4,284,081,414.56	1,371,239,962.80
Total Current Assets	**3,646,814,864.28**	**4,415,350,446.22**	**1,429,081,206.83**
Total assets	**89,924,066,015.55**	**90,459,740,523.69**	**84,888,397,458.71**
EQUITY AND LIABILITIES			
Equity:			
Equity share capital	10,590,000,000.00	10,590,000,000.00	10,590,000,000.00
Retained Earnings	-2,714,514,535.63	-1,391,486,407.24	-825,622,258.42
Total Equity	**7,875,485,464.37**	**9,198,513,592.76**	**9,764,377,741.58**
Non-Current Liabilities:			
Long Term Loans	41,000,000,000.00	41,000,000,000.00	40,583,098,123.12
Provisions	20,542,244.42	20,472,244.42	16,071,880.63
Deferred tax liabilities	-	-	-
Interest on Long term loan	33,671,290,319.40	33,416,216,837.04	29,739,258,929.50
Other non-current liabilities	906,506,023.61	991,220,600.89	-
Total Non-Current Liabilities	**75,598,338,587.43**	**75,427,909,682.35**	**70,338,428,933.25**
Current Liabilities:			
Short Term Loans	5,100,000,000.00	4,000,000,000.00	2,550,000,000.00
Other Current Liabilities	1,350,241,963.75	1,833,317,248.58	2,235,590,783.88
Total Current Liabilities	**6,450,241,963.75**	**5,833,317,248.58**	**4,785,590,783.88**
Total Equity and Liabilities	**89,924,066,015.55**	**90,459,740,523.69**	**84,888,397,458.71**

UNAUDITED 3rd QUARTER STATEMENT OF PROFIT OR LOSS

Amount in NPR

Particulars	This Quarter Ending on 30 Chaitra 2078 (Unaudited)	Previous Quarter Ending on 30 Poush 2078 (Unaudited)	Corresponding Previous Year Quarter Ending on 31 Chaitra 2077
Revenue from sale of Electricity	5,163,334,201.35	3,646,525,864.95	-
Expenses			
Administrative and Project Expenses	-186,095,684.90	-86,444,498.67	-39,685,187.35
Royalty	-137,466,684.03	-95,730,517.30	-
Foreign Exchange Gain/(Loss)	-1,328,307.28	535,755.30	5,573,573.01
Deductions	-837,994,491.60	-406,236,451.03	-
Depreciation	-2,097,229,503.02	-1,186,737,929.90	-1,047,071.04
Profit/(Loss) from Operation	1,903,219,530.53	1,871,912,223.35	-35,158,685.38
Finance Income	1,940,295.95	571,852.32	130,009.07
Other income	127,985.06	102,000.00	-
Finance Costs	-3,555,943,202.36	-2,203,103,914.11	-
Profit/(Loss) Before Bonus and Tax	-1,650,655,390.83	-330,517,838.44	-35,028,676.31
Income Tax	-	-	-
Net Profit for the year	**-1,650,655,390.83**	**-330,517,838.44**	**-35,028,676.31**

नोट : यस आयोजनाबाट २०७८ श्रावण देखि चैत्रमसान्तसम्मको विद्युत बिक्री वापत नेपाल विद्युत प्राधिकरणलाइ रु.५, १६,३३,३४,२०१.३५ को विल पेश गरिएकोमा कम्पनी र ने.वि.प्रा. बीच २०७८ फाल्गुनसम्मको विद्युत बिक्री आय गणनामा भएको रु.८६,३७,१२,२८९.२७ को भिन्नता, आयोजनाले ने.वि.प्रा. लाई आपूर्ति गर्नु पर्ने भ्लभचनथ मष्कउबतअज नभएको एवं विद्युत खरिद बिक्री सम्झौता अनुसार उत्पादन शुरु नभएको भनि विद्युत बिक्री आयबाट रु. ८३,७९,९४,४९२ घटाइएकोले २०७८ फाल्गुनसम्मको आय वापत रु. २,७६,०४,७७,४१८ मात्र प्राप्त भएको छ। विद्युत बिक्री आय गणनामा भएको भिन्नता, आयोजनाले ने.वि.प्रा. लाई आपूर्ति गर्नु पर्ने भ्लभचनथ मष्कउबतअज नभएको एवं विद्युत खरिद बिक्री सम्झौता अनुसार उत्पादन शुरु नभएको भनी घटाइएको रकममध्ये रु.१०,८२,६०,४०१ बैशाख २०७९ मा फिर्ता भएता पनि बाँकी रकम सम्बन्धमा ने. वि.प्रा. सँग छलफल भइ फिर्ता हुने क्रममा रहेकोले उक्त घटाइएको रकम फिर्ता भए पश्चात घाटा कम हुन गइ नगद प्रवाहमा सुधार हुन जाने अपेक्षा गरिएको छ। सम्बन्धित पक्षसंग भएको कारोवारः नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट रु. १३ अर्व दीर्घकालिन ऋण प्राप्त भएको छ। कम्पनीका संस्थापक शेयरधनीहरू नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय बीमा संस्थानबाट प्राप्त भएको दीर्घकालिन ऋण रु.१४ अर्व रहेको छ। साथै नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएको अल्पकालिन ऋण रु.२ अर्व रहेको छ।

ख). **प्रमुख वित्तीय सूचकहरू**

क्र.स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मम	अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा
१	प्राति शेयर आम्दानी (रु)	(१५.५९)	(३.१२)
२	प्रति शेयर नेटवर्थ (रु)	७४.३७	८६.८६
३	प्रति शेयर सम्पत्तीको मूल्य (रु)	८४९.१४	८५४.२०
४	तरलता अनुपात	०.५७	०.७६

२. **व्यवस्थापकीय विश्लेषण**

यस कम्पनी अन्तर्गतको राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माणकार्य सम्पन्न भई २०७८ भाद्र २५ देखि पूर्ण रुपमा विद्युतको व्यापारिक उत्पादन भइरहेको छ। यस तेस्रो त्रैमासिकमा पहिलो र दोस्रो त्रैमासिकको तुलनामा नदीमा पानीको मात्रा कम हुने हुँदा विद्युत बिक्री आय पनि कम भएको र आयोजनाले ने.वि.प्रा. लाई आपूर्ति गर्नु पर्ने Energy dispatch नभएको एवं विद्युत खरिद बिक्री सम्झौता अनुसार उत्पादन शुरु नभएको भनी विद्युत बिक्री आयबाट रु. ८३,७९,९४,४९२ घटाइएकोले र बढेको ब्याजखर्च तथा ह्रासकट्टि खर्चका कारण घाटा बढ्न गएको छ। विद्युत बिक्री आय गणनामा भएको भिन्नता तथा घटाइएको रकम मध्ये केहि रकम बैशाख महिनामा फिर्ता भइसकेको र बाँकी रकमका सम्बन्धमा ने. वि. प्रा. सँग छलफल भइ फिर्ता हुन क्रममा रहेकोले उक्त घटाइएको रकम फिर्ता भए पश्चात कम्पनीको घाटा कम हुन गइ नगद प्रवाहमा केहि सुधार हुने अपेक्षा गरिएको छ। विविध कारणहरूले गर्दा आयोजना निर्माण सम्पन्न अवधी बढ्न गइ समग्र आयोजनाको लागत वृद्धि हुन गएको तर त्यस अनुरुप विद्युत बिक्रीबाट आम्दानी बढ्न सक्ने अवस्था नरहेकोले कम्पनीको अपेक्षित नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिएकोले ऋणको ब्याजदर पुनरावलोकन तथा अन्य वित्तीय व्यवस्थापन मार्फत कम्पनीको वित्तिय स्थिति सुधार्ने तर्फ कम्पनी व्यवस्थापनले प्रयास गरिरहेको छ।

आयोजनाको विभिन्न संरचानाहरूको पूँजीगत निर्माण प्रगतिमा रहेका खर्चहरू पूँजीकरण गरी सम्पत्ति निर्धारण गर्ने क्रममा रहेकोले उक्त कार्य सम्पन्न भए पश्चात माथिको वित्तीय विवरणमा देखाइएको सम्पत्ती तथा ह्रासकट्टि खर्चहरू परिमार्जन हुन सक्नेछ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए।

- हाइड्रोमेकानिकल कार्यको ठेकेदार टेक्स्म्याको रेल एण्ड इञ्जिनियरिङ लिमिटेड, भारतको Contract Termination गरिएकोले उक्त ठेकेदारले Arbitration को लागि International Chamber of Commerce (ICC) को International Court of Arbitration (ICA) मा संस्था विरुद्ध दावि मुद्दा दायर गरेको छ। सोहि ICA मा संस्थाले पनि निज ठेकेदार विरुद्ध Employer's claim र Counter Claim against remaining works का लागि मुद्दा दर्ता गरेको छ।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरू भएको छैन। तर, मिति २०७८ भाद्र २५ देखि आयोजनाबाट पूर्ण रुपमा विद्युतको व्यापारिक उत्पादन शुरु भई आय आर्जन शुरु भएको र हरेक त्रैमासिकमा नदीमा पानीको मात्रा फरक हुने हुँदा विद्युत बिक्री आय पनि फरक हुँदा नाफा नोक्सानमा सोहि अनुसार पर्न गएको असर र online माध्यमबाट शेयर खरिद बिक्रीको थालनि, शेयर बजारमा थप लगानीकर्ताहरूको प्रवेश तथा शेयर बजारको चलायमान गतिविधिका कारण कम्पनीको शेयर मुल्यमा निरन्तर उतारचढाव भइरहेको देखिन्छ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०७८/७९ को तेस्रो त्रैमासिक अवधीमा शेयर सम्बन्धि कारोवारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्यूनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
७८१	५३५	५४४	५८	५८,१५०

५. **समस्या र चुनौती**

आयोजना निर्माण सम्पन्न भइ सञ्चालनमा प्रवेश गरेको हालको अवस्थामा आयोजनाको बढेको निर्माण अवधी तथा लागतका कारण बढ्न गएको ब्याज खर्च तथा अन्य खर्चहरूको न्यूनिकरण तथा विद्युत बिक्री आयको सुनिश्चितता गरी कम्पनीको सफल सञ्चालन तथा वित्तीय स्थिति मजबुत गरी नाफा वृद्धी तथा लगानीहर्ताहरूलाई उचित लाभांशको सुनिश्चितता हालको प्रमुख लक्ष्य तथा चुनौति रहेको छ। साथै, दोस्रो चरण अन्तर्गतको रोलवालिङ डाइभर्शन स्कीम सहितको रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको प्रारम्भिक कार्य थालनी भैसकेकोले सो आयोजनाको लागि उचित व्याजदरमा आवश्यक वित्तीय व्यवस्थापन तथा अन्य प्रक्रिया टुङ्गो लगाइ यथाशिघ्र उक्त आयोजनाको निर्माण सम्पन्न गरी समग्रमा विद्युत बिक्री आय वृद्धि गर्नु पर्ने चुनौती रहेको छ।

६. **संस्थागत सुशासन**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएका छन्। कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। हरेक वर्ष लेखापरीक्षक संस्थाहरूद्धारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गराउने गरिएको छ। साथै आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरू सम्मिलित उप समितिहरू गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यहरू अगाडि बढाइएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरू कम्पनीद्बारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरू तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरूलाई सूसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।